कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, तेह्रथुम

म्याङलुङ, नेपाल

पत्र संख्या :- २०८३/८४(क.प्र.)

चलानी नम्बर :-

☎ ०२६-४६०४०८

ttmdfo@gmail.com

" व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन "

मिति २०८३/०५/२५

## घर भाडामा लिने सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा यस कार्यालय अन्तर्गत मोराहाङ सव-डिभिजन वन कार्यालयको प्रयोजनार्थ तपशिल अनुसारको स्थानमा तपशिल अनुसारको घर भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनी, फर्म तथा संस्थाहरुले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र खामबन्दी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. कार्यालयलाई आवश्यक पर्ने घर मोराहाङ बजार आसपास, घरसम्म गाडी पुग्ने बाटोको सुविधा र घटिमा ४(चार) कोठा भएको पक्की घर हुनुपर्नेछ।
२. प्रशस्त मात्रामा पानी, बिजुली, शौचालय भएको हुनुपर्नेछ।
३. घर भाडा दिन इच्छुक घरधनी, फर्म, संस्थाहरुले आफुले दिन चाहेको दररेट (कर सहितको) अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गाधनी प्रमाणपूर्जा, आ.व. २०८३/०८४ को मालपोत तिरेको रसिद, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि वा फर्म/संस्थाको हकमा फर्म दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर दर्ता लगायतका प्रमाणपत्रका प्रतिलिपिहरु स्वयंले प्रमाणित गरि मिति २०८३/०६/०८ गतेसम्म कार्यालय समय भित्र खामबन्दी गरी मोराहाङ सव-डिभिजन वन कार्यालय, मोराहाङ वा डिभिजन वन कार्यालय, तेह्रथुममा पेश गर्नुपर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ।
४. घर भाडा रकम घरभाडा निर्धारण समितिले तोके अनुसारको हुनेछ र सो रकममा नियमानुसार करकट्टी गरी भुक्तानी दिइनेछ। कार्यालयले प्रयोग गर्ने पानी, विजुलीको महशुल कार्यालयले भुक्तानी गर्नेछ।
५. घर भाडा लिने वा नलिने सम्बन्धमा निर्णय गर्ने अधिकार यस कार्यालयलाई हुनेछ।
६. रित नपुगी वा तोकिएको सुविधा भन्दा कम सुविधा भएको घरको घरधनी, फर्म वा संस्थाहरुबाट आएको निवेदन उपर कुनै कार्वाही हुनेछैन।
७. अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।
८. विस्तृत विवरण वा जानकारी लिन परेमा यस कार्यालयको टेलिफोन नं. ०२६-४६०४०८ वा ९८४२४०१२५०/ ९८६२६८४२९८ मा सम्पर्क गरी वा कार्यालय समयमा आफैं उपस्थित भई लिन वा बुझ्न सकिनेछ।